# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २२ कार्यपालिकाबाट पारित मितिः २०७९।०८।२७

प्रमाणिकरणः२०७९।०८।२९

प्रकाशन मितिः २०७९।०९।०७

## भाग-२

# ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको बाल विवाह बिरुद्धको रणनीतिक योजना, २०७९

### १ प्रारम्भ

विवाह गर्ने दुवै व्यक्तिको उमेर बीस वर्ष पुरा नभई गरिने विवाह उमेर नपुगी गरिएको र अठार वर्ष पुरा नभई गरिने विवाह बालविवाह हो । विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । मुलुकी अपराध तथा देवानी संहिता, २०७४ मा विवाहको लागि कानूनी उमेर २० वर्ष पुरा भएको हुनुपर्ने भनी तोकिएको छ । नेपालको संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हनन्को बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।

बाल विवाह आफैमा एक लैङ्गिक हिंसा तथा सामाजिक अपराध पनि हो भने लैङ्गिक हिंसाको कारक तत्व पनि हो । विश्वमा हरेक वर्ष ७० करोड किशोरीहरुको १८ वर्ष नपुग्दै विवाह हुन्छ । विश्वभर हुने बाल विवाहको ५० प्रतिशत दक्षिण एशियामा मात्र हुने गरेको छ । नेपालमा ३७ प्रतिशत बालिकाको बिवाह १८ वर्ष नपुग्दै हुने गरेको छ । बाल विवाह हुने मुलुकमा दक्षिण एशियामा भारत र बंगलादेश पछि नेपाल तेस्रो स्थानमा पर्दछ । बाल विवाहले बालबालिकालाई आधारभूत अधिकारबाट वञ्चित मात्र गराउँदैन उनीहरूलाई आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्वन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित गराउँदछ । विशेष गरी बालिकाका सन्दर्भमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको

श्रृङ्खला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बालबालिकाको शारीरिक तथा मानसिक विकासमा असर पर्दछ ।

बाल विवाहबाट महिला पुरुष दुवै वर्ग पीडित हुन सक्ने र दुवैलाई नकारात्मक प्रभाव पर्न सक्ने भए तापनि बाल विवाहको परिणाम हेर्दा पुरुष भन्दा महिला बढी प्रभावित हुने गरेका छन् । नेपालमा प्रत्येक १००० बालबालिका मध्ये ८८ वटाको जन्म किशोरी आमाबाट हुन्छ । २० वर्ष मुनिका ३७.५ प्रातिशत बालिकाहरुले घरमा वा अन्य असुरक्षित स्थानहरुमा सुत्केरी गराउने गरेको पाइन्छ । २० वर्ष मुनिका गर्भवती बालिकाहरु तीन गुणा बढी मातृमृत्युको जोखिममा हुन्छन् । पाठेघरको उपचार गराउने महिलाहरुले औसत आयु २६.८ वर्ष छ । तेस्रो पटक गर्भवती भई पाठेघर खस्ने समस्या भएको र प्रत्येक वर्ष २०० देखि ४०० महिला प्रसुती नाल्वरण (Obstertic Fistula) बाट पीडित भएको अध्ययन प्रतिवेदनहरुमा उल्लेख छ । यस प्रकारको हिंसाको प्रमुख कारण महिला र पुरुषबीच रहेको असमान शक्ति संरचना रहेको छ ।
ठाकुरबाबा नगरपालिकाको गुरुयोजना अनुसार ठाकुरबाबा नगरपालिकामा बाल विवाह दर उच्च भएको देखाउँछ । समाजमा विद्यमान सामाजिक तथासांस्कृतिक मूल्य मान्यता र विगत देखि चल्दै आएको परम्पराले गर्दा बाल विवाह एक विकराल समस्याको रुपमा रहेको छ । बाल विवाहले समग्र बालबालिकको सामाजिक, मानसिक र संवेगात्मक रुपमा असर पारेको छ साथै सानै उमेरमा छोरीको विवाह गर्दा दाईजो कम दिँदा हुने कारणले गर्दा बाल विवाह न्यूनीकरणका लागि झन् समस्या थपिएको छ । जसले गर्दा बालिकाहरु थप जोखिमका साथै विभिन्न किसिमका दूर्व्यवहारमा पर्न सक्ने देखिन्छ । यस विषयलाई मध्यनजर राख्दै ठाकुरबाबा नगरपालिकाले बाल विवाह अन्त्य गर्ने उद्देश्यले यो रणनीति तयार गरी कार्यान्वयनमा ल्याइएको हो ।

## २) अन्तराष्ट्रिय व्यवस्था तथा प्रतिबद्धताहरु

### २.१.१. दिगो विकासका लक्ष्य

विश्वव्यापी स्तरमा बाल विवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकको रूपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs) (सन् २०१६-२०३०) मा बाल विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

### २.१.२. संयुक्त राष्ट्रसंघको साधारण सभाको प्रस्ताव

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बाल विवाह तथा जबरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरणः चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव र त्यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बाल विवाह तथा जबरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बाल विवाह विरूद्धका कार्यक्रमहरू विश्वव्यापी रूपमा उच्च प्राथमिकतामा परेका छन् ।

### २.१.३. संयुक्त राष्ट्रसंघीय महासन्धि, घोषणा तथा कार्ययोजनामा नेपालको प्रतिबद्धता

नेपालले बाल अधिकार सम्वन्धी महासन्धि, १९८९, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धि, १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, यातना विरूद्धको महासन्धि, १९८४, जनसंख्या र विकास सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994), चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणापत्र र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बाल अधिकारलाई प्रवर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधिन आलेखहरू मार्फत नागरिकहरूको आधारभूत अधिकारहरू बिषेशतः बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्वन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरूद्ध प्रतिवद्धता जाहेर गरेको थियो । त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरूद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

**२.१.४. क्षेत्रीय प्रयास**

बाल विवाह विरूद्धको प्रयास सार्कसँग आबद्ध रहेको “बालबालिका उपर हुने हिंसा विरूद्धको दक्षिण एशियाली पहल” (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरूमा “बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५–२०१८) Regional Action Plan to End Child Marriage in South Asia (2015-2018)” तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बाल विवाह विरूद्धमा आफ्ना प्रयासहरू केन्द्रित गरेको थियो । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा “बाल विवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि” विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी “दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान” (Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।

**नेपालको संविधान :**

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बाल विवाहलाई रोक लगाएको छ । साथै बाल विवाह गरे, गराएमा दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ती पाउने हकको व्यवस्था गरेको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ को उपदफा (१) मा विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्नु गराउन हुँदैन भन्ने व्यवस्था छ । त्यस्तै सोही दफाको उपदफा (२) मा उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुने उल्लेख छ । बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) को खण्ड (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरूद्धको हिंसा मानेको छ र सो कार्य गरेमा सोही ऐनको दफा ७२ को उपदफा (३) को खण्ड (ख) बमोजिम पचहत्तर हजार रूपैयाँ सम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुने उल्लेख गरेको छ ।

**बाल विवाह उन्मूलन सम्वन्धी मुलुकी देवानी (संहिता) र मुलुकी अपराध (संहिता) ऐन, २०७४ :**

२०७५ साल भाद्र १ गते मुलुकी ऐनलाई खारेज गरी नेपालमा एकीकृत कानुनी व्यवस्थाको रुपमा मुलुकी देवानी (संहिता) ऐन र मुलुकी अपराध (संहिता) ऐन २०७४ कार्यान्वयनमा आएको छ । देवानी संहिताको दफा ७० मा विवाह हुन २० वर्ष उमेर पुगेको हुनु पर्ने व्यवस्था गरेको छ भने मुलुकी अपराध (संहिता) ऐन २०७४ मा विवाह सम्वन्धी कसुर अन्तर्गत दफा १७१ मा विवाह गर्ने व्यक्तिहरुको मन्जुरी बिना कसैले कसैलाई विवाह गर्न वा गराउन हुँदैन । विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी गरेको विवाह र आफ्नो श्रीमती हुँदा हुँदै अर्को विवाह गरेमा स्वतः बदर हुने व्यवस्था गरी बाल बिवाह तथा बहु विवाहलाई फौजदारी अपराधको रुपमा परिभाषा गरेको छ । अपराध संहिताको दफा २२० को उपदफा २ ले कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको

कुनै नाबालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा नाबालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ भन्ने व्यवस्थाले बाल बिवाहबाट कसैले करणी गरेमा जबरजस्ती करणी गरेको ठहर हुने व्यवस्था गरेको छ ।

**बालबालिकासम्बन्धी ऐन, २०७५ :**

यस ऐन अनुसार १८ वर्षमुनिका सबै व्यक्तिलाई बालबालिका भनी परिभाषा गरिएको छ । यस ऐनमा कुनै पनि बालबालिकाको बाँच्न पाउने अधिकार, पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, गोपनियताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार र शिक्षाको अधिकार जस्ता धेरै अधिकारहरुलाई बाल अधिकारको रुपमा सुनिश्चित गरेको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** :

स्थानीय तहको न्यायिक समितिले लैङ्गिक हिंसा तथा बालबालिका सम्वन्धी स्थानीय स्तरमा न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमदअनुसार खान-लाउन वा शिक्षादिक्षा नदिएको विषय, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको विषय, कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको विषय, पतिपत्नीबीचको सम्बन्ध विच्छेदमा मेलमिलाप गराउन पाउने, एक वर्ष भन्दा कम कैद सजाय हुने कुटपिट भएको मुद्दाहरु र गाली-बेइज्जती तथा एक वर्ष सम्म कैद सजाय हुने अन्य मुद्दाहरु हेर्न पाउने अधिकार तोकेको छ । बाल विवाह, महिला विरुद्धका हिंसा, देवकी, बोक्साबोक्सी, छुवाछुत, दहेज तथा दाइजो, कमैया प्रथा, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, लैङ्गिक भेदभाव, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी पनि स्थानीय सरकारलाई सुम्पेको छ ।

**सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्वन्धी ऐन, २०७५ :**

बालविवाह आफैमा सिंगो विषय नभई बहु आयामिक विषय भएको हुनाले प्रजनन स्वास्थ्यसम्वन्धी अधिकार महत्वपूर्ण विषय हो । गर्भवती सेवा प्राप्त गर्ने अधिकार, प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, सेवा, परामर्श तथा सूचना प्राप्त गर्ने अधिकार, प्रत्येक महिलालाई प्रसूतीकर्मीबाट आवश्यक परामर्श, गर्भवती तथा प्रसूती सेवा, सुत्केरी पश्चात्को गर्भ निरोधको सेवा पाउने अधिकार, प्रत्येक महिलालाई आकस्मिक प्रसुती सेवा, आधारभूत आकस्मिक प्रसूती सेवा, बृहत् आकस्मिक सेवा, नवजात शिशुको लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने अधिकार, प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रुपमा पाउने अधिकार लगायतका धेरै अधिकारहरुको व्यवस्था गरेको छ ।

**पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)** :

बाल विवाह, बाल श्रम, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैर कानूनी ओसारपसार लगायतका बालबालिका सम्वन्धी कानुनी प्रावधानका विषयहरु र नैतिक शिक्षाको विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्ने ।

**किशोर किशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना** (२०७०।०७१-२०७४।०७५):

किशोकिशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजनाले खासगरी सीमान्तकृत किशोरकिशोरीहरुलाई असर पार्ने हानिकारक सामाजिक परम्परा तथा विभेद न्यूनीकरण सम्वन्धी नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने र बाल विवाहमा परेका किशोरकिशोरी मूलतः किशोरीहरुलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने कुरा व्यवस्था गरेको छ ।

**३. वर्तमान स्थितिः**

कानूनी बन्देज तथा विभिन्न सचेतनामूलक कार्यक्रमका कारण बाल विवाहको प्रचलन क्रमशः कम भएको आमसञ्चारको माध्यमबाट सुन्न पाइन्छ । कतिपय बाल विवाहका घटनाहरु उजागर हुँदैनन् तर पनि संघसंस्था र समाचार माध्यमले यस्ता घटनाहरूलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् । अहिले पनि समाजमा विवाहलाई महिला र पुरुषको दाम्पत्य जीवन भन्दा विवाह बन्धनको रुपमा लिने धार्मिक एवं सांस्कृतिक मान्यता रहँदै आएको छ भने विवाहलाई पुरुष र महिलाको पारिवारिक मिलनसँग जोडी सामाजिक मर्यादालाई बढी महत्व दिने परम्परा छ । समाजमा उमेर नपुग्दै हुने विवाहबाट हुन सक्ने हानी र थप समस्याको वारेमा जानकारीको न्यूनता तथा विवाहलाई भारको रुपमा लिने सोचले बाल विवाहलाई प्रश्रय दिने गरेको छ । किशोरकिशोरीमा बाल विवाहका सन्दर्भमा भएको ज्ञानको अभावका साथै उनीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमीले गर्दा वैवाहिक कार्यमा अभिभावकको निर्णायक भूमिका रहेको छ । सञ्चार सामाग्री र सामाजिक सञ्जालको दुरुपयोगबाट किशोरकिशोरीमा पर्न गएको नकारात्मक प्रभावबाट संरक्षण गर्न नसक्दा स्वयम् बालबालिका आफै बाल विवाह गर्न लालायित भएको पाइन्छ । बाल विवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी हुनु तथा विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्नुले पनि बाल विवाह अन्त्य गर्न चुनौती रहेको छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ (NDHS, 2016) ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ३९.५ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको उल्लेख गरेको छ । अर्को तर्फ यही उमेर समूहका १०.३ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्ष भन्दा कम उमेरमा हुने गरेको छ । राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA, 2012= Marrying Too Young: End Child Marriage) का अनुसार ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बिहे गर्छन् । ठाकुरबाबा नगरपालिकाको गुरुयोजना-२०७५ अनुसार ठाकुरबाबा नगरपालिकामा ११७ जना बालक तथा १७० जना बालिकाले बाल विवाह गरेको पाईन्छ । यस सवालको न्यूनीकरणका लागि ठाकुरबाबा नगरपालिकाले निम्नानुसारका अभ्यासहरु गरेको थियो ।

- जनचेतनामूलक कार्यक्रम (सडक नाटक, सल्लाह सुझाव, परामर्श, अन्तरकृया, र्‍याली, गोष्ठी, पोष्टर पम्पलेट आदि मार्फत)
- कानूनी कार्बाही
- बालक्लब गठन तथा परिचालन
- किशोरी शिक्षा
- सेवा सुविधाबाट बञ्चित गराउने
- विवाहमा सहभागी नहुने
- बाल विवाहको अवस्थाको तथ्याङ्क सङ्कलन तथा प्रतिवेदन प्रकाशन

**४. रणनीति तर्जुमाको आधार**

नेपालको संविधान, मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्वन्धी ऐन २०७५, बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, ठाकुरबाबा नगरपालिकाको बालबालिकाको हक अधिकार स्थापित गर्न बनेको कार्यविधी २०७६, मा भएको व्यवस्था कार्यान्वयन गर्न यो रणनीति तयार गरेको हो ।

## ५. रणनीतिको औचित्य

५.१. बाल विवाह दण्डनीय अपराध भएतापनि यो प्रचलनलाई अझै अन्त्य गर्न सकिएको छैन । नेपालको संविधानमा बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता समेत गरेको छ । मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ ले पनि बाल विवाहलाई बालबालिका विरुद्ध हुने हिंसा तथा अपराधको रुपमा लिएको छ ।

५.२. नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पुरा गर्नका लागि बाल विवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।

५.३. बाल विवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा सरकारी, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालवालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरु बीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।

५.४. बाल विवाह अन्त्य गर्ने र बाल विवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै ठाकुरबाबा नगरपालिकाको विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ६. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरु

देहायका सिद्धान्तका आधारमा यो बाल विवाह उन्मूलन कार्ययोजनाको निर्माण गरिएको छ :

**(क) अविभेद (Non-discrimination):** यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरु मथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

**(ख) बालबालिकाको सर्वोत्तम हित (Best interest of children):** यो रणनीति तथा कार्ययोजनामा बाल विवाह उन्मूलन गर्ने सवालहरुमा बालबालिकाको सर्वोत्तम हित र भलाईलाई सर्वोपरी राखिनेछ ।

**(ग) सारभूत समानता (Substantive equality):** यो रणनीति तथा कार्ययोजनाले लैङ्गिकताका सवालमा सारभूत समानतालाई आत्मसात गर्नेछ ।

**(घ) शून्य सहनशीलता (Zero tolerance):** यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा बाल विवाहका घटनाहरुमा शून्य सहनशीलता राखी अविलम्व उपयुक्त ढंगले सम्बोधन गरिने छ ।

**(ङ) गोपनीयताको अधिकार (Rights to privacy):** यो रणनीति तथा कार्ययोजनाकाले बाल विवाहबाट प्रभावितहरुको गोपनीयताको अधिकारलाई पूर्ण ध्यान दिने छ ।

**(च) अर्थपूर्ण सहभागिता (Meaningful participation):** यो रणनीति तथा कार्ययोजनाको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरुको अर्थपूर्ण सहभागितालाई महत्व दिइने छ ।

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

(छ) **पीडित/प्रभावितको संरक्षण (Protection of the victims/survivors)** : यो रणनीति तथा कार्ययोजनाले बाल विवाहबाट प्रभावितहरुको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउन पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राख्नेछ ।

(ज) **न्यायमा पहुँच तथा द्रूत न्याय (Fast track justice):** यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसा र बाल विवाहबाट प्रभावितहरुका लागि द्रूत न्यायको सिद्धान्तलाई अंगीकार गर्नेछ ।

(झ) **साझेदारीता र सहकार्य (Partnership and collaboration)** : यो रणनीति तथा कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरुको समन्वय, साझेदारीता र सहकार्यलाई महत्व दिनेछ ।

**७. लक्ष्य:**

वि. सं. २०८१ को अन्त्यसम्म ठाकुरबाबा नगरपालिकालाई बाल विवाहमुक्त पालिका बनाउने ।

**८. उद्देश्यहरू:**

८.१. बाल विवाह अन्त्यका लागि विद्यमान ऐन र कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।

८.२. बाल विवाह रोकथाम, उद्दार र कानूनी कारबाहीका लागि आवश्यक निर्णय गरी उजुरी संयन्त्रको विकास गर्ने ।

८.३ पालिकाका विकासका साझेदार संस्थाहरुको सहकार्यमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन, बालविवाह विरुद्धका कार्यक्रम सञ्चालन र कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा अनुगमन र मुल्याङ्कन गर्ने ।

८.४. बाल विवाह हुनुको कारणहरु पत्ता लगाई त्यसलाई सम्वोधन गरी बाल विवाहको अन्त्य गर्ने ।

**९. रणनीति:**

९.१. बाल विवाहलाई प्रोत्साहन गर्ने सामाजिक/सांस्कृतिक एवं परम्परागत हानिकारक अभ्यासको पहिचान गरी तिनका विरूद्ध सचेतना,

९.२. बालिका र किशोरीको सशक्तिकरण,

९.३. बाल विवाह विरुद्ध समुदायमा बहस चलाई चेतना अभिवृद्धिमा जोड,

९.४. बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चितता,

९.५. बालक, किशोर तथा पुरूषहरूको सहभागिता अभिवृद्धिमा जोड,

९.६. परिवार र समुदायको परिचालन,

९.७. सेवा प्रवाहको प्रभावकारीता,

९.८. कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन ।

**१०. रणनीति कार्यान्वयन गर्न अपनाईने कार्यदिशा**

यस रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यान्वयन कार्यदिशा तय गरिएको छ ।

**१०.१ बाल विवाहलाई प्रोत्साहन गर्ने सामाजिक/सांस्कृतिक एवं परम्परागत हानिकारक अभ्यासको पहिचान गरी तिनका विरूद्ध सचेतना**

१०.१.१ बाल विवाहको अवस्था, कारण र त्यसबाट पारिवारिक तथा स्थानीय सरकारको सामाजिक, आर्थिक एवं स्वास्थ्य स्थितिमा पर्ने नकारात्मक असरहरु बारे अध्ययन विश्लेषण गर्ने ।

१०.१.२ बाल विवाह न्यूनीकरणको अवस्था बारे प्रत्येक तीन वर्षमा वडास्तरमा अध्ययन अनुसन्धान गरी तथ्याङ्क अद्यावधिक राख्ने

१०.१.३ अभिभावक, धार्मिक अगुवा, नागरिक समाज लगायतलाई बाल विवाहले पार्ने नकारात्मक असर सम्वन्धमा सचेतना अभियान सञ्चालनमा जोड दिने,

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७

१०.१.४ सामाजिक सांस्कृतिक एवं परम्परागत हानीकारक प्रथाका कारण बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने अभ्यासहरूविरूद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने,

१०.१.५ बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरूद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरूहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

**१०.२ बालिका र किशोरीको सशक्तीकरण**

१०.२.१ अतिरिक्त क्रियाकलाप, किशोरी समुह, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने,

१०.२.२ दौँतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यम मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने,

१०.२.३ सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने,

१०.२.४ बाल विवाह विरूद्ध सामूहिक पहलका लागि बालबालिका तथा किशोर किशोरीहरुका समूह निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने,

१०.२.५ जीवन उपयोगी शिक्षा कार्यक्रम सञ्चालन गर्ने (प्रत्येक विद्यालय तथा समुदायमा) ।

**१०.३ बाल विवाह विरुद्ध समुदायमा बहस चलाई चेतना अभिवृद्धिमा जोड**

१०.३.१. बाल विवाह अन्त्य सम्वन्धी विभिन्न सचेतनामूलक कार्यक्रम आयोजना गर्ने,

१०.३.२. बाल विवाहले पार्ने नकारात्मक असर सम्वन्धी विभिन्न ब्रोसर, पम्प्लेट, IEC Material प्रकाशन गर्ने,

१०.३.३. पालिकामा भएका सञ्चारका विद्युतीय माध्यमबाट बाल विवाह विरूद्ध सूचना सम्प्रेषण गर्ने,

१०.३.४. पालिकामा सञ्चालन हुने सबै कार्यक्रममा बाल विवाह अन्त्य सम्वन्धी विषयलाई समेत समेटेर अघि बढ्ने,

१०.३.५. बाल विवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरूद्धमा पुरूष तथा बालकहरूमा कानूनी सचेतना अभिवृद्धि गर्ने ।

**१०.४ बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने**

१०.४.१ स्थानीय तहको पाठ्यक्रममा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षामा जोड दिने,

१०.४.२ विद्यालय बाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई विभिन्न सुविधाहरू (माध्यमिक तहसम्मको शिक्षामा छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा आदि) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने,

१०.४.३ विद्यालय, बालक्लब, खेलकूद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने,

१०.४.४ भविष्यमा जीवनवृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्वधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने,

१०.४.५ विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने,

१०.४.६ विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

१०.४.७ बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरूद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने,

१०.४.८ छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने,

१०.४.९ बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरू पहिचान गरी विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।

१०.४.१० विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने,

१०.४.११ विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education) र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने,

१०.४.१२ विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने,

१०.४.१३ बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना तथा सेवावारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थाहरु परिचालन गर्ने,

१०.४.१४ विद्यालयमा गुनासो पेटिकाको व्यवस्था गरी बालबालिकाका गुनासोहरूको सुनुवाई गर्ने प्रणालीको व्यवस्था गर्ने ।

**१०.५ बालक, किशोर तथा पुरूषहरूको सहभागिता अभिवृद्धि गर्ने**

१०.५.१ बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिवृद्धि गरी बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरूष तथा बालकको सहभागिताको सुनिश्चितता गर्ने,

१०.५.२ बालक तथा किशोरहरुलाई शिक्षाको माध्यमबाट आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने,

१०.५.३ बाल विवाह गर्ने/गराउने, प्रोत्साहन गर्ने, बाल विवाहमा सहभागी हुने, प्रचलित हानिकारक प्रथा तथा सामाजिक मर्यादा विपरीतको कार्य गर्नेलाई प्रचलित कानूनअनुरुप दण्डसजाय गरी त्यसलाई निरूत्साहन गर्ने तथा सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने,

१०.५.४ बाल विवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरूद्धमा पुरूष तथा बालकहरूमा कानूनी सचेतना अभिवृद्धि गर्नुका साथै लैङ्गिक हिंसा गर्ने र दाइजो लिने/दिनेलाई दण्डको व्यवस्था गर्ने ।

**१०.६ परिवार र समुदायसँग सहकार्य गर्ने**

१०.६.१ समुदायमा रहेका अभिभावक समूह, बालक्लव तथा सञ्जाल, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बाल विवाह विरूद्धको अभियान सञ्चालन गर्ने,

१०.६.२ सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको लागि अभिभावक शिक्षा-संवाद प्याकेज बनाई सोको आधारमा परिवार तथा समुदायमा सत्र सञ्चालन गर्ने/गराउने । अन्तरपुस्ता संवादको माध्यमवाट बाल विवाह निषेध गर्न प्रोत्साहन गर्ने,

१०.६.३ सामाजिक सञ्जालहरूमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको सहभागिता बढाई बाल विवाह विरूद्धमा परिचालन गर्ने,

१०.६.४ छोरा र छोरीबीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरूत्साहन गरी बाल विवाह विरूद्धका विषयलाई स्थानीय विकास तथा सामाजिक मूल्यको बिषयको रूपमा स्वीकार गरी "बाल विवाहमुक्त स्थानीय तह" को अभियान सञ्चालन गर्ने,

१०.६.५ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्धन तथा क्षमता अभिवृद्धि गर्ने,

१०.६.६ बाल विवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत प्रसारण गरी बाल विवाह अन्त्यको अभियानलाई सशक्त बनाउने,

१०.६.७ बाल विवाह बिरुद्धको सन्देश झल्कने स्टिकर तयार गरी बिद्यालयमा बाल बालिकालाई वितरण गर्ने तथा बाल विवाह हुन सक्ने सम्भावना रहेका घर परिवारसँग पारिवारिक भेट गरी बाल विवाह नगर्न खबरदारी गर्ने ।

**१०.७. सेवा प्रवाहमा प्रभावकारिता ल्याउने**

१०.७.१ बाल विवाहको जोखिममा रहेका विशेष गरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित तथा गुणस्तरीय औपचारिक तथा अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने,

१०.७.२ किशोरकिशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्यसम्वन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौन रोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचारसम्वन्धी सेवामा विवाहित तथा बाल विवाहको जोखिममा रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्ने,

१०.७.३ बाल विवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने,

१०.७.४ सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकतानुसार तत्कालै तथा गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने,

१०.७.५ पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्न बालिकालाई जीवनोपयोगी सीप, आय आर्जनसम्वन्धी ज्ञान सीप र निःशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने,

१०.७.६ बाल विवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने,

१०.७.७ पालिकामा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संस्थाहरूका कार्यक्रमहरूमा बाल विवाह विरूद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने,

१०.७.८ बाल विवाहसम्वन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने,

१०.७.९ बिवाह भईसकेका बालिकाहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र तथ्यगत प्रमाणहरू सङ्कलन गरी सफल अभ्यासहरूको प्रवर्धन तथा विस्तार गर्ने,

१०.७.१० वैवाहिक सम्वन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानूनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने,

१०.७.११ घटना व्यवस्थापन प्रणालीलाई कार्यान्वयन गरी बाल विवाहका घटनालाई व्यवस्थापन गर्ने ।

**१०.८ कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन**

१०.८.१ पालिकाले बाल विवाहविरुद्ध कानून, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१०.८.२ बाल विवाहसम्वन्धी कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।

१०.८.३ अन्य न्यायिक/अर्धन्यायिक निकाय र सरोकारवाला पदाधिकारीहरूलाई बाल विवाहविरुद्धका न्यायिक कारबाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।

१०.८.४ विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजाय तथा बाल विवाहविरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्थासम्वन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने ।

१०.८.५ बाल विवाहविरुद्ध कानूनी उपचार लिन चाहने बालबालिकाले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरू पहिचान गरी संरक्षणको उचित व्यवस्था गर्ने ।

१०.८.६ प्रदेश सरकार र स्थानीय तह तथा विकासका साझेदार संस्थाहरुको सहकार्य र समन्वयमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

१०.८.७ बिवाह गर्दा वा विवाह समारोह आयोजना गर्दा बरबधुको जन्मदर्ता देखाई वडा कार्यालयबाट उमेर पुगेको प्रमाणित गराएर मात्र विवाह समारोह वा विवाह कार्यक्रम आयोजना गर्ने प्रकृया सुनिश्चित गर्ने र बालविवाह गर्ने परिवार र व्यक्तिहरुलाई पालिकाबाट प्रदान गरिने सेवाबाट बञ्चित गर्ने ।

**११. बाल विवाह अन्त्यका लागि सरोकारवाला पक्षहरु**

**११.१. संघीय सरकार:** संघीय सरकारले बाल विवाह विरुद्धका विद्यमान कानूनी प्रावधानहरू कार्यान्वयन गर्न स्रोतको सुनिश्चितता गर्ने ।

**११.२ प्रदेश सरकार:**

(क) बाल विवाह अन्त्यको लागि आवश्यकतानुसार तयार गरिएका नीति, नियम तथा निर्देशिकालाई आधार मान्ने,

(ख) प्रदेश सरकारले बाल विवाह मुक्त प्रदेश बनाउन चालेको कदममा सहकार्य गर्ने,

(ग) छात्रा शिक्षामा प्राथमिकताका लागि सहयोग माग्ने,

(घ) बाल विवाहविरूद्ध कार्यक्रम सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने,

**११.३ ठाकुरबाबा नगरपालिका**

(क) स्थानीय तहमा बाल विवाह अन्त्यसम्वन्धी नीति नियम बनाई कार्यान्वयनमा ल्याउने,

(ख) बाल विवाह न्यूनीकरणको अवस्था बारे अध्ययन अनुसन्धान गरी तथ्याङ्क अद्यावधिक राख्ने,

(ग) बाल विवाह अन्त्य सम्वन्धी कार्यक्रमलाई प्राथमिकतामा राखी आवश्यक बजेटको व्यवस्था गर्ने,

(घ) किशोरकिशोरीलाई जीवनोपयोगी सीपसम्वन्धी कार्यक्रम आयोजना गर्ने,

(ङ) सबै जनप्रतिनिधि र सरोकारवालाहरूलाई बाल विवाहविरूद्धको अभियानमा लाग्न अनुरोध गर्ने,

(च) स्थानीय तहबाट सञ्चालन हुने विभिन्न सचेतनामूलक कार्यक्रममा बाल विवाहले पार्ने असरका बारेमा छलफल चलाउने,

(छ) धार्मिक संस्थाहरूलाई बाल विवाह निषेधित क्षेत्र घोषण गर्ने,

(ज) सबै सरोकारवालाहरूलाई बाल विवाहविरूद्ध प्रतिवद्ध तुल्याउने ।

**११.४ अभिभावक**

(क) आफ्ना बालबालिकालाई माया र सम्मानपूर्ण वातावरणमा हुर्काउने,

(ख) बालबालिकाको शिक्षामा पूर्ण रूपमा सहयोग गर्ने र उनीहरुलाई नैतिकवान् हुन उत्प्रेरणा प्रदान गर्ने,

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

(ग) बाल विवाहविरुद्ध घर परिवारमा छलफल चलाउने साथै आफ्ना छोराछोरीको विवाह बीस वर्ष पारी गर्ने र अरूलाई पनि बीस बर्ष पुगिसकेपछि मात्र छोराछोरीको विवाह गर्न प्रेरित गर्ने ।

**११.५ बालबालिका, बालक्लव तथा बाल सञ्जाल**

(क) अभिभावकलाई बाल विवाह अन्त्य कार्यक्रममा सहभागिता गराउने,

(ख) बाल विवाहविरूद्ध सडक नाटक, ऱ्याली, गोष्ठी, वक्तृत्वकला, वादविवाद जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ग) बालक्लव, सञ्जाल तथा साथीहरूबीच बाल विवाह अन्त्यसम्वन्धी छलफल चलाउने,

(घ) बालक्लव तथा सञ्जालले विद्यालय तथा समूदायमा बाल विवाहले पार्ने नकारात्मक असर बारेमा जनचेतनामूलक अभियान चलाउने,

(ङ) बाल विवाह हुन लागेको थाहा पाएमा सम्वन्धित निकायमा खबर गर्ने,

(च) आफू पनि बाल विवाह नगर्ने र अरूको पनि बाल विवाह हुन नदिने ।

**११.६ विभिन्न समूदायमा आधारित संस्थाहरू तथा गैर सरकारी संस्थाहरू**

(क) बालक्लव तथा सञ्जाल गठन गरी बाल विवाह अन्त्यका लागि अभियान चलाउनमा सहजिकरण गर्ने,

(ख) अभिभावक, परिवार र समूदायमा बाल विवाह अन्त्यका लागि सचेतनामूलक कार्यक्रमको आयोजना गर्ने,

(ग) बाल विवाह रोक्नको लागि स्थानीय तह र प्रहरीमा जानकारी गराउने र त्यस्तो अभियानमा सघाउने,

(घ) बाल विवाह गर्ने वा गराउनेलाई खबरदारी गर्न बाल विवाह न्यूनीकरण समिति गठन गर्ने,

(ङ) बालमैत्री शासन पद्धतिको स्थापना र प्रवर्धनका लागि बालमैत्री रणनीतिक कार्ययोजना बनाउन मद्दत गर्ने,

(च) बाल विवाह अन्त्यका लागि तीनै तहका सरकार तथा अन्य सरोकारवाला निकायसँगको सहकार्य, सहयोग र समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्ने ।

**११.७ कर्मचारी/शिक्षक**

(क) बाल विवाह विरूद्धका अतिरिक्त कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने र कार्यक्रममा सहयोग गर्ने,

(ख) बाल विवाहले बालबालिकामा पार्ने असरका बारेमा जानकारी गराउने,

(ग) बाल विवाहमा सरिक नहुने र अरूलाई पनि बाल विवाहमा सरिक नहुन अनुरोध गर्ने,

(च) बाल विवाह भएको जानकारी पाएमा कानूनी कारवाहीको दायरामा ल्याउन पहल गर्ने र सम्वन्धित निकायमा सूचना दिने,

(च) जीवनोपयोगी सीपसम्वन्धी कक्षा सञ्चालन गर्ने ।

**११.८ नागरिक समाज**

(क) बाल विवाहमा सहभागी नहुने र अरूलाई पनि सहभागी नहुन अनुरोध गर्ने,

(ख) समुदायमा बाल विवाह हुन नदिने,

(ग) बाल विवाह गराउने परिवारको सदस्यलाई संस्थागत सहभागिता नगराउने,

(घ) बाल विवाह हुन लागेमा नजिकैको प्रहरीलाई खबर गर्ने ।

**११.९ आमा समूह, बाल अधिकार समिति/सञ्जाल**

(क) घर परिवार, आमा समूहका प्रत्येक सदस्यलाई बाल विवाहले ल्याउने बेफाईदा बारेमा जानकारी दिँदै चेतना अभिवृद्धि गर्ने,

(ख) बालमैत्री स्थानीय शासन र यसका सूचकका बारेमा चेतना अभिवृद्धि गर्ने,

(ग) परम्परादेखि चलिआएका सामाजिक मूल्य मान्यताका साथै संस्कारलाई प्रत्येक अभिभावक, आमा समूह, बाल सञ्जालहरूको सहकार्यमा बिहेवारी २० वर्ष पारी भनी टोल टोलमा सचेतना कार्यक्रम गर्ने तथा मातृस्वास्थ्य र शिशुको स्वास्थ्य सम्वन्धी सचेतनामुलक कार्यक्रम गर्ने ।

**११.१० धार्मिक प्रचारक, अगुवाहरू तथा पुरोहित**

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

(क) विवाहको विषयमा छलफल गर्न आउँदा अभिभावकसँग विवाह गर्ने व्यक्तिको उमेर सोध्ने र बाल विवाह हो भने सो नगर्न अनुरोध गर्ने र नमानेमा स्थानीय तह, प्रहरी, विद्यालय तथा सरोकारवालाहरुलाई सूचना दिने,

(ख) बाल विवाह हुने कुनै पनि धार्मिक तथा सांस्कृतिक कार्यक्रममा आफू सहभागी नहुने,

(ग) धार्मिक स्थललाई बाल विवाह मुक्त स्थान घोषणा गर्ने,

(घ) जमघट, प्रवचन तथा भेलाहरूमा बाल विवाह नगर्न, नगराउन सचेत बनाउने ।

**११.११ प्रहरी/प्रशासन**

(क) बाल विवाह भएको जानकारी पाउना साथ रोक्ने र कानूनी दायरामा ल्याउने,

(ख) सामुदायिक प्रहरी सेवा समूह गठन गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**११.१२ युवा समूह/किशोर किशोरी समूह**

(क) जीवन उपयोगी शिक्षाको छलफलमा सहभागी हुने,

(ख) साथीहरूलाई पनि प्रोत्साहित गर्ने र छलफलमा सिकेका कुरा दौँतरी तथा परिवारसँग पुनः छलफल गर्ने,

(ग) बाल विवाह आफू पनि नगर्ने र अरूलाई पनि नगर्न प्रोत्साहन गर्ने,

(घ) बाल विवाह अन्त्यका लागि क्रियाशील रहने ।

**११.१३ विद्यालय, स्वास्थ्य संस्था तथा सेवा प्रदायक संस्थाहरू (जस्तैः सहकारी, आमा समुह आदि)**

(क) अतिरिक्त क्रियाकलापमा बाल विवाहको नकारात्मक असर सम्वन्धी विषय समावेश गर्ने,

(ख) बाल विवाहको नकारात्मक असरका बारेमा सचेतना अभिवृद्धि गराउने खालका कार्यक्रम आयोजना गर्ने,

(ग) बाल विवाह हुन लागेको थाहा पाएमा रोक्ने र नजिकैको प्रहरी कार्यालयमा खवर गर्ने ।

**११.१४ सञ्चार माध्यम**

(क) बाल विवाहविरुद्ध समाचार लेख्ने र प्रचारप्रसारमा प्राथमिकता दिने,

(ख) सञ्चार माध्यमबाट बाल विवाहविरूद्ध सरकारी निकायसँग सहकार्य गरी कार्यक्रम तयार गरी प्रशारण गर्ने,

(ग) बाल विवाहसम्वन्धी कानूनी प्रावधान सम्वन्धमा अन्तर्वार्ता, लेख प्रकाशन गर्ने ।

**११.१५ राजनीतिक दल**

(क) बाल विवाह गैरकानूनी हो भन्ने विषयमा कार्यकर्ता तथा सदस्यलाई प्रशिक्षित गर्ने,

(ख) केटा र केटीको उमेर २० वर्ष पुगेपछि मात्र विवाह गर्न सल्लाह दिने,

(ग) बाल विवाहविरुद्ध हुने चेतनामूलक कार्यक्रममा भाग लिने र त्यस प्रति सार्वजनिक प्रतिबद्धता जनाउने,

(घ) बाल विवाह न्यूनीकरणका लागि बालबालिका सम्वन्धी ऐन, २०७५ र अन्य प्रचलित कानून कार्यान्वयनका लागि सहयोग गर्ने,

(ङ) चुनावी घोषणापत्रमा बाल विवाहविरुद्ध पार्टीको स्पष्ट दृष्टिकोण समेट्ने ।

**१२. बाल विवाह अन्त्य सम्वन्धी रणनीति कार्यान्वयनको संस्थागत व्यवस्था**

बाल विवाहविरुद्धको रणनीति कार्यान्वयनका लागि नगरपालिका स्तरमा २७ सदस्यीय र वडामा १३ सदस्यीय समिति गठन गरी परिचालन गरिनेछ ।

१२.१.१ बाल विवाह अन्त्य गर्नका लागि नगर उपप्रमुखको संयोजकत्वमा निम्नानुसारका पदाधिकारीहरु रहने गरी बाल विवाह अन्त्यसम्वन्धी कार्ययोजना कार्यान्वयन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (१) ठाकुरबाबा नगरपालिकाको उपप्रमुख | – संयोजक |
| (२) वडा अध्यक्ष ९ जना | – सदस्य |
| (३) सामाजिक विकास समितिको संयोजक | – सदस्य |
| (४) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख | – सदस्य |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

(५) नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख – सदस्य
(६) नगरपालिकाको योजना शाखाका प्रमुख – सदस्य
(७) प्रहरी कार्यालयका प्रतिनिधि १ जना – सदस्य
(८) नगरपालिकामा कार्यरत शिक्षकहरु मध्येबाट १ जना – सदस्य
(९) पत्रकारहरुमध्येबाट १ जना प्रतिनिधि – सदस्य
(१०) बालक्लव सञ्जालबाट बालक र बालिका १/१ जना गरी २ जना – सदस्य
(११) बालबालिकाका क्षेत्रमा पालिमाका कार्यरत गै.स.स. बाट १ जना प्रतिनिधि – सदस्य
(१२) बालबालिकाका क्षेत्रमा पालिकामा गठन भएका किशोरी सञ्जाल, अल्पसंख्यक सञ्जाल, दलित सञ्जाल, अपाङ्गता सञ्जाल, जेष्ठ नागरिक सञ्जालबाट १/१ जना गरी ५ जना – सदस्य
(१३) नगरपालिकाको महिला तथा बालबालिका शाखाका प्रमुख – सदस्य सचिव

१२.१.२ बाल विवाह अन्त्य गर्नका लागि प्रत्येक वडाहरुमा वडा अध्यक्षको संयोजकत्वमा निम्नानुसारका पदाधिकारीहरु रहने गरी वडास्तरीय बाल विवाह अन्त्यसम्वन्धी कार्ययोजना कार्यान्वयन समिति गठन गरिनेछ।

(१) सम्वन्धित वडाका वडा अध्यक्ष – संयोजक
(२) महिला तथा दलित वडा सदस्य २ जना – सदस्य
(३) विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट १ जना प्रतिनिधि – सदस्य
(४) सामुदायिक विद्यालयका महिला शिक्षकहरुमध्येबाट १ जना प्रतिनिधि – सदस्य
(५) वडा बालक्लव सञ्जालबाट बालक र बालिका १/१ जना गरी २ जना – सदस्य
(६) बालबालिकाका क्षेत्रमा पालिमाका कार्यरत गै.स.स. बाट १ जना प्रतिनिधि – सदस्य
(७) वडामा रहेको स्वास्थ चौकी/केन्द्रका प्रमुख – सदस्य
(८) बडघरहरु मध्येबाट १ जना प्रतिनिधि – सदस्य
(९) प्रहरी कार्यालयका प्रतिनिधि १ जना – सदस्य
(१०) महिला स्वयं सेविकाहरुमध्येबाट १ जना प्रतिनिधि – सदस्य
(११) सम्वन्धित वडाका वडा सचिव – सदस्य सचिव

१२.२ बाल विवाह अन्त्य सम्वन्धी कार्ययोजना कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः

१२.२.१ बाल विवाह अन्त्य सम्बन्धी कार्ययोजना कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) रणनीतिको आधारमा बाल विवाह अन्त्यसम्वन्धी पेश भई आएका कार्ययोजना आवश्यक संशोधन सहित पास गर्ने।

(ख) कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्न कार्यक्रम कार्यान्वयन निकायलाई निर्देशन दिने।

(ग) रणनीति तथा कार्ययोजनामा रहेका बाल विवाहविरुद्धका कार्यक्रमहरुलाई सम्वन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने।

(घ) बाल विवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण दिने।

(ङ.) कार्ययोजनामा भएका बाल विवाहविरुद्धका कार्यक्रमलाई स्थानीय तहसम्म सञ्चालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने।

१२.२.२ समितिको बैठक कम्तिमा ४ महिनामा एक पटक बस्नेछ।

१२.२.३ समितिको बैठकमा आवश्यकतानुसार सम्वन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ।

१२.२.४ बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७८

**१३. स्रोत परिचालन**

यस रणनीतिमा समावेश भएका कार्यदिशा कार्यान्वयन गर्न निम्नानुसारको स्रोत परिचालन गरिनेछ ।

१३.१ रणनीति कार्यान्वयनका लागि ठाकुरबाबा नगरपालिकाले वार्षिक बजेटमा नै आवश्यक बजेट विनियोजन गर्ने ।

१३.२ रणनीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारसँग समेत आवश्यक बजेट विनियोजनका लागि अनुरोध गर्ने ।

१३.३ रणनीतिको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रित रही आफ्नो कार्यक्षेत्रभित्र पर्ने क्रियाकलापहरू स्वयं सञ्चालन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीय तहलाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने र त्यसका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।

१३.४ सरोकारवाला निकायहरूलाई बाल विवाह विरूद्ध लाग्न सहकार्यको उपयुक्त वातावरण सृजना गरी आवश्यकता बमोजिम स्रोत सहितको दोहोरो तथा बहुपक्षीय सहमती एवम् सम्झौता गरी कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।

**१४. रणनीति कार्यान्वयनको जोखिम पक्ष**

यस रणनीति कार्यान्वनका क्रममा आइपर्ने जोखिम व्यवस्थापनको लागि सरोकारवाला सबै पक्षहरुको मानवीय तथा वित्तीय श्रोतको पहिचान गरि क्षमता अभिवृद्धि गरिनेछ । यसका लागि ठाकुरबाबा नगरपालिका र विकासका साझेदार संघसंस्थाहरु तथा अन्य सरोकारवाला संस्थाहरुलाई आवश्यक श्रोतको व्यवस्था मिलाई रणनीति कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।

**१५. रणनीतिको प्रचार प्रसार र सुधार**

बाल विवाह अन्त्य सम्बन्धी यस रणनीतिलाई पालिका परिषद्बाट पारित भए पश्चात व्यापक प्रचारप्रसार गर्नेछ । आवश्यकता अनुसार बालसंरक्षण सम्बन्धी विषयवस्तुमा ध्यान दिनको लागि स्थानीय तहलाई यस रणनीतिको कार्यान्वयनमा जोड दिइनेछ । यसका बारेमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिनेछ । यस रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रूपमा मूल्याङ्कन गरी २/२ वर्षमा पुनरावलोकन तथा सुधार गरिनेछ ।

## सहकार्य तथा समन्वय

- बाल विवाहबाट प्रभावित तथा बाल विवाहको जोखिममा पर्न सक्ने वर्ग विशेष गरी महिला, बालबालिका, आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरु, विस्थापित, जनजाति, दलितका साथै लैङ्गिक अल्पसङ्ख्यक र सिमान्तकृत समुदायहरु तथा स्थानीय स्तरमा रहेका विभिन्न समुदायसँग समन्वय गर्ने ।

- यस नगरपालिकाभित्र आर्थिक अवस्था कमजोर भएका समुदायहरु विशेष गरी महिलाहरुको आर्थिक अवस्थाको सुधारको सम्भावित अवसर तथा पहुँच वृद्धि गर्नको लागि स्थानिय तथा राष्ट्रिय स्तरमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग सहकार्य तथा समन्वय गर्ने ।

**५.१.६ अनुगमन तथा मूल्याङ्कन**

बाल विवाहविरुद्ध सञ्चालिन सम्पूर्ण कार्यक्रमहरुको समय समयमा अनुगमन तथा त्यसको प्रभावको मुल्याङ्कन गर्न यस नीतिको दफा १२.१.१ बमोजिम गठित समिति आफैले वा समितिले तोके अनुसारको निकायले प्रत्येक ३ महिनामा १ पटक अनिवार्य र आवश्यकता अनुसार अन्य समयमा अनुगमन गर्ने । अनुगमन सम्वन्धी कार्यविधि बाल विवाह अन्त्यसम्वन्धी कार्ययोजना कार्यान्वयन समितीले तोके बमोजिम हुनेछ ।

# ठाकुरबाबा नगरपालिका
## बालविवाह उन्मूलन कार्ययोजना, २०७८

| उद्देश्य : ठाकुरबाबा नगरपालिकामा पाँच वर्ष भित्र बाल विवाह उन्मूलन गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | रणनीति | कार्यक्रम⁄क्रियाकलाप | प्रमुख जिम्मेवार | सहयोगी निकाय⁄संस्था | समय सीमा | प्रगतिको सूचक | लागत अनुमान |
| | १. बालविवाहलाई प्रोत्साहन गर्ने सामाजिक⁄सांस्कृतिक एवं परम्परागत हानिकारक अभ्यासको पहिचान गरी तिनका विरूद्ध सचेतना | १०.१ बाल विवाहको अवस्था, कारण र त्यसबाट पारिवारिक तथा स्थानीय सरकारको सामाजिक, आर्थिक एवं स्वास्थ्य स्थितिमा पर्ने नकारात्मक असरहरु बारे अध्ययन विश्लेषण गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.२ बाल विवाह न्यूनीकरणको अवस्था बारे प्रत्येक तीन वर्षमा अध्ययन अनुसन्धान गरी पालिका स्तरमा तथ्याङ्क अद्यावधिक राख्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.३ अभिभावक, धार्मिक अगुवा, नागरिक समाज लगायतलाई बाल विवाहले पार्ने नकारात्मक असर सम्बन्धमा सचेतना अभियान सञ्चालनमा जोड दिने | वडा कार्यालयहरु | | | | |
| | | १०.४ सामाजिक सांस्कृतिक एवं परम्परागत हानिकारक प्रथाका कारण बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने अभ्यासहरू विरूद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.१.५ बाल विवाह, लैङ्गिक विभेद र पितृ सत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरूद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरूहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने | वडा कार्यालयहरु | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १०.२ बालिका र किशोरीको सशक्तीकरण | १०.२.१ अतिरिक्त क्रियाकलाप, किशोरी समुह, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.२.२ दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यममार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने | वडा कार्यालयहरु | | | | |
| | | १०.२.३ सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.२.४ बाल विवाहविरूद्ध सामुहिक पहलका लागि वालबालिका तथा किशोर किशोरीहरुका समूह निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने | वडा कार्यालयहरु | | | | |
| | | १०.२.५ जीवन उपयोगी शिक्षा कार्यक्रम सञ्चालन गर्ने (प्रत्येक विद्यालय तथा समुदायमा) | ठाकुरबाबा नगरपालिका | | | | |
| | १०.३ बाल विवाहविरुद्ध समुदायमा बहस चलाई चेतना अभिवृद्धिमा जोड | १०.३.१ बाल विवाह अन्त्यसम्वन्धी विभिन्न सचेतनामूलक कार्यक्रम आयोजना गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.३.२ बाल विवाहले पार्ने नकारात्मक असर सम्वन्धी विभिन्न ब्रोसर, पम्प्लेट IEC Material प्रकाशन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.३.३ पालिकामा भएका सञ्चारका विद्युतीय माध्यमबाट बाल विवाहविरूद्ध सूचना सम्प्रेषण गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १०.३.४ पालिकामा सञ्चालन हुने सबै कार्यक्रममा बाल विवाह अन्त्यसम्वन्धी विषयलाई समेत समेटेर अघि बढ्ने नीतिगत निर्णय | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.३.५. बाल विवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरूद्धमा पुरूष तथा बालकहरूमा कानूनी सचेतना अभिबृद्धि गर्ने | वडा कार्यालयहरु | | | | |
| | १०.४ बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने | १०.४.१ स्थानीय तहको पाठ्यक्रममा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षामा जोड दिने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.४.२ विद्यालय बाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई विभिन्न सुविधाहरू (माध्यमिक तहको शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.४.३ विद्यालय, बालक्लब, खेलकूद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.४.४ भविष्यमा जीवनवृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्वधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.४.५ विद्यालयहरूमा बालिका मैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने, | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.४.६ विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १०.४.७ बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरूद्ध जनचेतनामूलक अभियान संचालन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | | |
| | | १०.४.८ छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिक मैत्री भएको सुनिश्चित गर्ने | ठाकुरबाबा नगरपालिका | | | | | |
| | | १०.४.९ बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरू पहिचान गरी विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने | ठाकुरबाबा नगरपालिका | | | | | |
| | | १०.४.१० विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने | वडा कार्यालयहरु | | | | | |
| | | १०.४.११ विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत् यौनिकता शिक्षा (Comprehensive Sexuality Education) र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने | ठाकुरबाबा नगरपालिका | | | | | |
| | | १०.४.१२ विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | | |
| | | १०.४.१३ बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी सूचना तथा सेवाबारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थाहरु परिचालन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | | |
| | | १०.४.१४ विद्यालयमा गुनासो पेटिकाको व्यवस्था गरी बालबालिकाका गुनासो सुनुवाई गर्ने प्रणालीको व्यवस्था गर्ने | ठाकुरबाबा नगरपालिका | | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरूद्धको रणनीतिक योजना, २०७९

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १०.५ बालक, किशोर तथा पुरूषहरूको सहभागिता अभिवृद्धि गर्ने | १०.५.१ बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिवृद्धि गरी बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरूष तथा बालकको सहभागिताको सुनिश्चितता गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.५.२ बालक तथा किशोरहरुलाई शिक्षाको माध्यमबाट आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.५.३ बाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाहमा सहभागी हुने, प्रचलित हानिकारक प्रथा तथा सामाजिक मर्यादा विपरीतको कार्य गर्नेलाई प्रचलित कानूनअनुरुप दण्डसजाय गरी त्यसलाई निरूत्साहन गर्ने तथा सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.५.४ बाल विवाहबाट सिर्जित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरूद्धमा पुरूष तथा बालकहरूमा कानूनी सचेतना अभिवृद्धि गर्नुका साथै लैङ्गिक हिंसा गर्ने र दाइजो लिने दिनेलाई दण्डको व्यवस्था गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | १०.६.परिवार र समुदायसँग सहकार्य गर्ने | १०.६.१ समुदायमा रहेका अभिभावक समूह, बालक्लव तथा सञ्जाल, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत सामाजिक अगुवाहरूको सहभागितामा बाल विवाहविरूद्धको अभियान सञ्चालन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.६.२ सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको लागि अभिभावक शिक्षा-सम्वाद प्याकेज बनाई सोको आधारमा परिवार तथा समुदायमा सत्र सञ्चालन गर्ने, गराउने तथा अन्तरपुस्ता संवादको माध्यमवाट बाल विवाह निषेध गर्न प्रोत्साहन गर्ने | वडा कार्यालयहरु | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरूद्धको रणनीतिक योजना, २०७९

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १०.६.३ सामाजिक सञ्जालहरूमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको सहभागिता बढाई बाल विवाह विरूद्धमा परिचालन गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.६.४ छोरा र छोरीबीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरूत्साहन गरी बाल विवाहविरूद्धका विषयलाई स्थानीय विकास तथा सामाजिक मूल्यको विषयको रूपमा स्वीकार गरी "बाल विवाहमुक्त स्थानीय तह" को अभियान सञ्चालन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.६.५ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्धन र क्षमतामा अभिवृद्धि गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.६.६ बाल विवाहविरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत प्रसारण गरी बाल विवाह अन्त्यको अभियानलाई सशक्त बनाउने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.६.७ बाल विवाह विरुद्ध सन्देश झल्कने स्टिकर तयार गरी विद्यालयमा बालबालिकालाई वितरण गर्ने तथा बाल विवाह हुन सक्ने सम्भावना रहेका घर परिवारसँग पारिवारीक भेट गरी बाल विवाह नगर्न खबरदारी गर्ने | ठाकुरबाबा नगरपालिका र वडा कार्यालयहरु | | | | |
| | १०.७. सेवा प्रवाहमा प्रभावकारीता ल्याउने | १०.७.१ बाल विवाहको जोखिममा रहेका विशेष गरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आयआर्जनका अवसरहरू सुनिश्चित गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १०.७.२ किशोरकिशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनरोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचार सम्वन्धी सेवामा विवाहित तथा बाल विवाहको जोखिममा रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.७.३ बाल विवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.७.४ सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.७.५ पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्न बालिकालाई जीवनोपयोगी सीप, आय आर्जन सम्वन्धी ज्ञानसीप र निःशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.७.६ बाल विवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने | ठाकुरबाबा नगरपालिका र वडा कार्यालयहरु | | | | |
| | | १०.७.७ पालिकामा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संस्थाहरूका कार्यक्रमहरूमा बाल विवाह विरूद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १०.७.८ बाल विवाहसम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.७.९ विवाह भईसकेका बालिकाको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र तथ्यगत प्रमाणहरू सङ्कलन गरी सफल अभ्यासहरूको प्रवर्धन तथा विस्तार गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.७.१० वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानूनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने | वडा कार्यालयहरु | | | | |
| | | १०.७.११ घटना व्यवस्थापन प्रणालीलाई कार्यान्वयन गरी बालविवाहका घटनालाई व्यवस्थापन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | १०.८ कानून र नीतिको सुदृढीकरण तथा कार्यान्वयन | १०.८.१ पालिकाको बाल विवाह विरुद्ध कानून, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.८.२ बाल विवाह सम्बन्धी कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने । | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.८.३ अन्य न्यायिक/अर्धन्यायिक निकाय र सरोकारवाला पदाधिकारीहरूलाई बाल विवाहविरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.८.४ विवाहको कानूनी उमेरको उल्लंघन गरेमा हुने सजाय तथा बाल विवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्वन्धी जनचेतना जगाउन प्रचार | वडा कार्यालयहरु | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रसार गर्ने | | | | | |
| | | १०.८.५ बाल विवाहविरुद्ध कानूनी उपचार लिन चाहने बालबालिकाले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरू पहिचान गरी संरक्षणको उचित व्यवस्था गर्ने । | वडा कार्यालयहरु | | | | |
| | | १०.८.६ प्रदेश सरकार र स्थानीय तह तथा विकासका साझेदार संस्थाहरुको सहकार्य र समन्वयमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने । | ठाकुरबाबा नगरपालिका | | | | |
| | | १०.८.७ विवाह गर्दा वा विवाह समारोह आयोजना गर्दा बरबधुको जन्मदर्ता देखाई वडा कार्यालयबाट उमेर पुगेको प्रमाणित गराएर मात्र विवाह समारोह वा विवाह कार्यक्रम आयोजना गर्ने प्रक्रिया सुनिश्चित गर्ने र बाल विवाह गर्ने परिवार र व्यक्तिहरुलाई पालिकाबाट प्रदान गरिने सेवाबाट वञ्चित गर्ने | ठाकुरबाबा नगरपालिका र वडा कार्यालयहरु | | | | |

ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९

ठाकुरबाबा नगरपालिकाको बाल विवाह बिरुद्धको रणनीतिक योजना, २०७९